आयोगबाट मिति २०८१/१२/१४ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	आतेश कुमार सिंह, घनश्याम यादव, अर्जुन प्रसाद यादव, सरोज कुमार मण्डल, रामानन्द चौधरी, राधेश्याम कुमार साह, निलम कुमारी शर्मा र श्रीप्रसाद भगत (विशेष अदालतको मुद्दा नं. ०८०-CR-००२८ र फैसला मिति २०८०/११/२२)	गैरकानूनी लाभ हानी पुऱ्याउने बद्रियतले काम गरी भ्रष्टाचार गरेको	बोदेबर्साइन न.पा. पशु विकास अधिकृत (अधिकृत छैटौं) प्रतिवादी अर्जुन प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा निज प्रतिवादी अर्जुन प्रसाद यादवलाई बिगो रु.१४,७१,९२१/- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुलउपर हुन साथै निज प्रतिवादी अर्जुन प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको देखिन्छ। बोदेबर्साइन न.पा. का निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, लेखापाल सरोज कुमार	**फैसलाः** प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने गरी फैसला भएको **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.** महालेखा परिक्षकको कार्यालयबाट रु.१५,००,००० ।– नियमित हुनुपर्ने भनी बेरुजु कायम गरेकोले माँ जगदम्वा कृषक समूहले प्रस्तुत मुद्दाको आरोपपत्र दायर मिति २०८०।०५।१३ भन्दा अघि नै मिति २०८०।०३।०३ मा दखिला गरेको	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ** **क.** जिल्ला सप्तरी, बोदेबर्साइन नगरपालिकाबाट आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा व्यवसायी पकेट कार्यक्रमका लागि रु.१५,००,०००।– बजेट विनियोजन भई नगरपालिकाले सार्वजनिक खरिद नियमावलीको प्रावधान विपरित माँ जगदम्बा कृषक समूहलाई छनौट गरी यी प्रतिवादीहरुको मिलेमतोमा रु.१५,००,०००।– खर्च लेखेको, हस्तान्तरण गरिएको भनिएका बाख्रा र वोकामा ट्याग नलगाएको तथा विमा समेत नगरेको, गोठ निर्माणको प्राविधिकबाट प्रमाणित नगरेको गोठ निर्माणको लागी खरिद हुने बास लगायतका सामानको विल नै नक्कली देखिएको, संचालन नै नभएको कार्यक्रमको स्थलगत अनुगमन गरेको र योजना राम्रो रहेको भनी गलत प्रतिवेदन तयार गरेको एवं अन्य बिल भरपाई तथा कागजातसमेत किर्ते तथा नक्कली खडा गरी/गराई कर कट्टीबाहेकको सम्पूर्ण अनुदान रकम रु.१४,७१,९२१।— यी प्रतिवादीहरुले हानी नोक्सानी गरेको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा, आयोगमा उजुरी दर्ता भएपछि फौजदारी कसूरमा हुने सजायबाट बच्ने उद्देश्यले बेरुजु खातामा रकम जम्मा गरेको स्पष्ट देखिएको छ। साथै अनुसन्धानका क्रममा प्रतिवादीहरुले गरेको वयान, घटनाका सम्वन्धित व्यक्तिहरुले गरेको कागज, स्थलगत मुचुल्का तथा प्रतिवेदनहरुलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने मनसायले भएको प्रस्तुत फैसला बदरभागी देखियो। **ख.** माँ जगदम्बा कृषक समूहका अध्यक्ष राधेश्याम कुमार साहले "बाख्रा बितरण भरपाई पशु शाखा प्रमुख अर्जुन यादवले सिकाए बमोजिम मैले लिखित तयार गरेको हो, कृषकहरुलाई रु.३,८००।– का दरले नगद बितरण गरेको हो, योजनामा कर कट्टा गरी रु.१४,७१,९२१।– एकमुष्ठ समूहको खातामा नगरपालिकाले जम्मा गरी दिए पछि सबै रकम समूहको खाताबाट निकाली पशु सेवा शाखा प्रमुख अर्जुन प्रसाद यादवलाई बुझाएको हो, मिति २०७८/०१/१७ र १८ गतेको भरपाईमा लेखिए बमोजिमको उक्त रकम मैले भुक्तानी दिएको होईन, सो रकम अर्जुन प्रसाद यादवको जिम्मामा छ, घाँसको विउ वितरण कार्यक्रम नै भएको छैन" भनी कसूरमा स्वीकार गरी गरेको करिव एकै बेहोराको अन्य प्रतिवादीहरुको वयान कागज, धनलक्ष्मी पशुपालन फर्म अग्नीसाइर कृष्णसवरन गा.पा. वडा

			मंडललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा निजलाई बिगो रु.१४,७१,९२१/- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुलउपर हुन माग दावी लिइएको छ। साथै निज प्रतिवादी घनश्याम यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन समेत मागदावी लिइएको, बोदेबर्साइन नगरपालिकाका नगर प्रमुख आतेश कुमार सिंह, वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष रामानन्द चौधरी, नगरपालिकाको तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई सोही ऐनको	देखिएको। **ख.** बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सम्वन्धमा माँ जगदम्वा कृषक समूहलाई भुक्तानी गरिएको रकम रु.१४,७१,९२१ ।— प्रतिवादीहरुले हानिनोक्सानी गरेको भनी प्रतिवादीहरुलाई भ्रष्टाचारको कसूरमा आरोपित गरिएको सो रकम महालेखा परीक्षकको लेखा परीक्षणबाट बेरुजु कायम भई भुक्तानी भएको उक्त रकम करसहित दाखिला भई सम्परीक्षणको लागि	नं. ६ सप्तरीका प्रोप्राइटर अनिल प्रकाश तिवारीले फर्मबाट जारी भएको भनिएको ३ थान बिल मैले हेरे सो बिलमा लेखिएको पान नं. मेरो पान नं. सँग मेल खान्छ तर उक्त बिलमा लेखिएको हस्तलिखित विवरण र सही मेरो हैन भनी गरेको घटना विवरण कागज करिव सोही बेहोराको अन्य ओम कृषि बिउ विजन बिक्री केन्द्र कृष्णसवरन गा.पा. वडा नं. १ सप्तरीका प्रोप्राइटर नरेश कुमार चौधरी, जिल्ला सप्तरी बोदेबर्साइन न.पा. वडा नं. ५ बस्ने युवराज जेनेरल ट्रेडर्सका प्रोपराईटर अरबिन्द्र कुमार गुप्ता, काली दुर्गा मिष्ठान भण्डार बोदेबरसाईन न.पा. वडा नं. ६ सप्तरीका प्रोप्राइटर लक्ष्मी साह लगायतले गरेको कागज, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी सुनसरीबाट खटिएका प्रहरी नायब उपरीक्षक मान बहादुर राईसमेतको टोलीले गरेको स्थलगत मुचुल्का तथा स्थलगत प्रतिवेदन लगायतका कागजातलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) बमोमजिम प्रमाणमा लिन मिल्ने नै देखिदा देखिदै सोको विपरित प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखियो। **ग.** "माँ जगदम्बा कृषक समूहले बाखा, वोका वितरण सम्बन्धी काम गरेको हो। तालिम सम्बन्धी घाँसको विउ वितरण लगायतको कार्य उक्त कृषक समुहले गरेको होईन। सनाखत विवरण खण्डको बाखा वितरणको बेहोराका अधिकांश कृषकहरुलाई बाखा बापतको नगद रकम रु.३,८००।– का दरले बुझाएको बेहोरा ठीक साँचो हो" भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी सुनसरीबाट खटिएका प्रहरी नायब उपरीक्षक मान बहादुर राईसमेतको टोली तथा स्थानीय समेतले गरेको २०८०।०२।३२ गतेको स्थलगत मुचुल्का, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाखाको साना व्यवसायीक पकेट कार्यक्रमका लागि रु.१५,००,०००।– विनियोजन भएकोमा यी प्रतिवादीहरुले सरकारी रकम बदनियतपूर्वक हानी नोक्सानी गरेको देखिएको भन्ने समेत बेहोराको आयोगका कर्मचारीहरु मान बहादुर राई, अश्विन कार्की लगायतले गरेको प्रतिवेदनलाई निजहरुले अदालत समक्षको वकपत्रबाट समेत सनाखत गरेको अवस्थामा उक्त तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा १८ र दफा २० बमोजिम प्रमाणमा लिन मिल्ने नै हुँदा उक्त प्रमाणको कुनै मूल्यांकन नै नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण हुँदा बदरभागी देखियो। **घ.** प्रस्तुत मुद्दाका सन्दर्भमा बेरुजु र भ्रष्टाचार फरक विषय हुन् भन्ने कुरामा स्पष्ट हुन जरुरी देखिन्छ। यहाँ प्रतिवादीहरुले मिलेमतोमा के कस्ता जातका वोका तथा बाखा के कुन आधारमा दर निर्धारण गरेको हो भन्ने स्पष्ट हुने कागजात समेत नबनाई अनुदान रकम खाने/पचाउने बद्नियत मनसायले शुरु देखि नै योजनाबद्ध रुपमा सार्वजनिक खरिद

			दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको, माँ जगदम्बा कृषक समूहका अध्यक्ष राधेश्याम कुमार साह र कोषाध्यक्ष निलम कुमारी शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.१४,७१,९२१/- कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिइएको	पठाइसकेको अवस्थामा आरोपदावी बमोजिम सरकारी रकम हानिनोक्सानी भएको देखिन नआएको	नियमावलीको प्रावधान विपरित माँ जगदम्बा कृषक समूहलाई छनौट गरी रु.१५,००,०००।– खर्च लेखेको, हस्तान्तरण गरिएको भनिएका बाखा र वोकामा ट्याग नलगाएको तथा विमा समेत नगरेको, गोठ निर्माणको प्राविधिकबाट प्रमाणित नगरेको गोठ निर्माणको लागी खरिद हुने बास लगायतका सामानको विल नै नक्कली देखिएको, संचालन नै नभएको कार्यक्रमको स्थलगत अनुगमन गरेको र योजना राम्रो रहेको भनी गलत प्रतिवेदन तयार गरेको एवं अन्य बिल भरपाई तथा कागजातसमेत किर्ते तथा नक्कली खडा गरी/गराई कर कट्टीबाहेकको सम्पूर्ण अनुदान रकम रु.१४,७१,९२१।- नेपाल सरकार/सार्वजनिक संस्थालाई गैरकानुनी हानिनोक्सानी पुर्याउने बद्नियतले कार्य गरे गराएको देखिएको बेरुजुको विषय हुन सक्दैन। यहाँ ब्यक्तिगत फाईदा लिनका लागि नक्कली विल, भरपाई बनाइ सम्झौता बमोजिमको कुनै पनि कार्य नगरी कार्य भएको भनी प्रतिवेदन तयार गरी ब्यक्तिगत फाईदाका लागि नेपाल सरकारको रकम भुक्तानी गरी लिई खाएको स्पष्ट रुपमा देखिएको हुँदा प्रस्तुत विषय विशुद्ध भ्रष्टाचारको विषय हो। यसै सन्दर्भमा, (ने.का.प.२०७६, अंक ३, नि.नं. १०२०८) "**भ्रष्टाचार हुनु र बेरूजु हुनु फरकफरक विषय हुन्। -भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन। भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने**" सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "**सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ। प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुको क्रियातत्व हेर्दा मासी खाएको रकम बेरुजू प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट कार्य भएको**" भन्ने प्रतिपादित सिद्धान्तको प्रतिकुल भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।